प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, झापा

फोन नः ०२३-४५२०५६/४५२५४६
ईमेलः akcjhapa@gmail.com
वेवसाईटः jhapa.akc.gov.np

पत्र संख्याः २०७९/०८०
च.नं. ३२६

मिति २०७९/११/१२

विषयः सूचना टाँस गरि जानकारी पठाईदिनु हुन ।

| | | |
|---|---|---|
| श्री शिवसताक्षी नगरपालिका, झापा | श्री मेचीनगर नगरपालिका, झापा | श्री बार्हदशी गाउँपालिका, झापा |
| श्री दमक नगरपालिका, झापा | श्री अर्जुनधारा नगरपालिका, झापा | श्री कचनकवल गाउँपालिका, झापा |
| श्री बिर्तामोड नगरपालिका, झापा | श्री भ द्रपुर नगरपालिका, झापा | श्री हल्दिबारी गाउँपालिका, झापा |
| श्री गौरादह नगरपालिका, झापा | श्री कमल गाउँपालिका, झापा | श्री गौरीगंज गाउँपालिका, झापा |
| श्री कन्काई नगरपालिका, झापा | श्री झापा गाउँपालिका, झापा | श्री बुद्धशान्ती गाउँपालिका, झापा |

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र, झापाको मिति २०७९/११/१२ मा इजलास दैनिक पत्रिकामा प्रकाशित प्रस्ताव आव्हानको सुचना पाना (२) यसै पत्र साथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ । सो सुचना तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरि सोको जानकारी यस कार्यालयमा पठाईदिनुहुन अनुरोध छ। साथै उक्त सुचना तहाँ स्थानिय तह अन्तर्गतमा वडा कार्यालयहरु मा समेत सम्प्रेसण गरिदिनुहुन अनुरोध छ।

०७९/११/१२
सागर विष्ट
निमित्त प्रमुख

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र

☎: ०२३-४५२०५६, ४५२५४६
फ्याक्स नं.:०२३-४५२५४६
वेभसाईट:jhapa.akc.gov.np
Email: akcjhapa@gmail.com

सुचना नं. ०४/२०७९/८०

## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/११/१२**

यस कृषि ज्ञान केन्द्र झापाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तानतरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९"**, बमोजिमका शर्तहरु पालना गरि तपशिलका कार्यक्रम कार्यान्वयनका लागि झापा जिल्ला अन्तर्गतका तपशिल अनुसारका स्थानीय तहका कृषि व्यवसायमा संलग्न ईच्छुक कृषक समुह/सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकहरु बाट दरखास्त आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७९/११/२६ गते सम्म ) तोकिएको ढाँचामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन ।थप जानकारीका लागि यस कार्यालयको फोन नं ०२३४५२०५६/०२३४५२५४६ मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा यस कार्यालयको वेभसाईट **jhapa.akc.gov.np** वाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

<u>तपशिल</u>

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थानीय तह | वाली | विनियोजित वजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | धान वाली प्रवर्द्धन कार्यक्रम | शिवसताक्षी नगरपालिका, कमल गाँउपालिका | धान वाली | ३०.८० | |
| २ | मकै वाली प्रवर्द्धन कार्यक्रम | झापा गाँउपालिका, बाह्रदशी गाँउपालिका | मकै वाली | २८.४० | |
| ३ | तेलहन वाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत प्रशोधन, ब्राण्डिङ्ग तथा वजारीकरण सहयोग | हल्दीवारी गाँउपालिका | तेलहन वाली | ३०.०० | |
| ४ | कृषि जैविक विविधता संरक्षण कार्यक्रम | शिवसताक्षी नगरपालिका | | १०.०० | |
| ५ | निजीस्तरमा मौरी श्रोत केन्द्र स्थापना | सबै स्थानीय तह | मौरी | १५.०० | |

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

१. रु.१० को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचा बमोजिमको आवेदन/प्रस्तावना ।

२. आवेदकले प्रति आवेदन रु २००/- राष्ट्रिय बाणिज्य बैकको खाता नं. १०००१००२०१०१०००१, राजस्व शिर्षक नं १४२२९, कार्यालय कोड ३१२०११२०११ मा आबेदन दस्तुर वापत जम्मा गरि सोको सकल भैचर पेश गर्नु पर्नेछ ।

सागर विष्ट
निमित्त प्रमुख

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
प्रदेश नं. १

☎: ०२३-४५२०५६, ४५२५४६
फ्याक्स नं.:०२३-४५२५४६
वेभसाईट:jhapa.akc.gov.np
Email: akcjhapa@gmail.com

सुचना नं. ०४/२०७९/८०

३. सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी /निजी उघमी/ कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

४. समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र गत आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

५. कृषि सहकारी/ निजी उघमी/ कम्पनीको हकमा गत आ.व. २०७८/७९ को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी।

६. सम्बन्धित स्थानीय तहको कृषि बिकास शाखाको सिफारिस ।

७. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तीमा १० वर्षको सम्झौतानामा ।

८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

९. संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय ।

१०. आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र ।

११. प्राबिधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपी ।

१२. कार्यक्रम अनुसारका ""प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तानतरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९"बमोजिम माग गरिएका आवश्यक कागजातहरु पुर्णता नभएमा प्रस्ताव स्वत रद्द हुनेछ ।

सागर ...
निमित्त प्रमुख

रु १० को हुलाक टिकट

मितिः

विषयः अनुदान उपलब्ध गराईदिनुहुन ।

श्रीमान् कार्यालय प्रमुख ज्यू
कृषि ज्ञान केन्द्र
झापा ।

महोदय,

तहाँ कार्यालयबाट मिति २०७९/११/१२ मा प्राकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ........................................................ कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछौं।

**तपसिल**

अनुदानग्राहीको नामः
ठेगानाः
स्थानीय तह/प्रदेशः
वडा नं.:
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सञ्चालन गरिने कार्यक्रमः

कार्यक्रम सञ्चालन गर्न लाग्ने कुल लागतः

कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्न कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवेदक
कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्मको नामः
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः
पदः
फोन नं.
मितिः
संस्थाको छाप

**नोटः उल्लेखित फर्मेटमा सबै विवरण समावेश गर्न नसकिएमा आवेदकले आफैं तयार गरि पेश गर्न सकिनेछ**